शिवम्
सिमेन्ट
असली OPC सिमेन्ट
SINCE 2003

# शिवम् सिमेन्ट्स लिमिटेडको

## विशेष साधारण सभा

२०७९

# प्रतिवेदन

# विशेष साधारण सभा सम्बन्धि सूचना

आदरणीय शेयरधनी सदस्य महानुभावहरु,

यस शिवम् सिमेन्ट्स लिमिटेड कम्पनीको संचालक समितिको मितिः २०७९।०४।२३ गते, तदनुसार (८, अगष्ट २०२२) १०५औं बैठकको निर्णय बमोजिम यस कम्पनीको विशेष साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा तल लेखिएका विशेष प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुंदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीका लागि कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

## सभा हुने मिति, स्थान र समय :

मिति : २०७९ साल भाद्र १० गते, तदनुसार २६ अगष्ट २०२२ शुक्रवार ।

स्थान : कम्पनीको कर्पोरेट कार्यालयको सभाहल अनामनगर, काठमाडौं ।

समय : विहान ११:०० बजे ।

## छलफलका बिषयहरूः

### विशेष प्रस्तावहरूः

**(क) प्रबन्ध पत्र तर्फः**

१) कम्पनीको स्वीकृत प्रबन्ध पत्रको दफा ६ को खण्ड (ग) लाई संशोधन गर्ने र खण्ड (घ) संशोधन गरी हटाउने सम्बन्धमा ।

**(ख) नियमावली तर्फः**

१) कम्पनीको स्वीकृत नियमावलीको नियम नं. २३ गणपुरक संख्या कूल शेयर संख्याको ६७ प्रतिशत रहेकोलाई संशोधन गरी ५१ प्रतिशत कायम गर्ने ।

२) कम्पनीको नियमावलीको नियम नं. २५ को उप नियम (५) संशोधन गरी विशेषज्ञ संचालकको मनोनयन र अन्य संचालकहरुको निर्वाचन गर्ने सम्बन्धि व्यवस्था कायम गर्ने ।

३) स्वीकृत नियमावलीको नियम नं. २७ को उप नियम (२) मा संचालक संख्या स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक सहित ७ सात जनाको हुनेछ भन्ने व्यवस्थालाई संशोधन गरी स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक १ जना र शेयरधनीहरुबाट निर्वाचित वा मनोनित ५ जना सहित ६ जनाको संचालक समिति हुनेछ भन्ने व्यवस्था कायम गर्ने

४) नियमावलीको नियम नं. २९ संशोधन गरी स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक १ जना संचालक समितिले नियुक्त गर्नेछ भन्ने व्यवस्था संशोधनद्धारा कायम गर्ने ।

५) नियमावलीको नियम नं. ३१ मा संशोधन गरी संचालकहरुको निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा कम्पनी ऐन बमोजिमको प्रक्रिया पुरा गरी गरिनेछ भन्ने व्यवस्था कायम गर्ने ।

(ग) विविध ।

सञ्चालक समितिको आज्ञाले,<br>
(लेखनाथ अर्याल)<br>
कम्पनी सचिव

# विशेष साधारण सभा सम्बन्धि अन्य जानकारी

१) सम्पूर्ण शेयरधनी महानुभावहरुलाई शेयरधनी दर्ता किताबमा कायम रहेको ठेगानामा विशेष साधारण सभाको सूचना र विशेष प्रस्तावको विवरण पठाईने व्यवस्था गरिएको छ । कुनै कारणवश प्राप्त नभएमा संस्थाको कर्पोरेट कार्यालय, सिद्धार्थ इन्सुरेन्स भवन दोश्रो तल्ला अनामनगर, काठमाडौंबाट प्राप्त गर्न सक्नुहुनेछ । साथै सो सम्बन्धि सूचना यस कम्पनीको वेवसाइट www.shivamcement.com मा समेत उपलव्ध गराइएकोछ ।

२) कम्पनीका शेयरधनी महानुभावहरुले यस सभामा ZOOM Virtual अनलाईन प्रविधि मार्फत सहभागिता जनाउन सक्नु हुनेछ । सभा शुरु हुनु भन्दा १ घण्टा अगाडीबाट ZOOM Virtual Online प्रविधि मार्फत हाजिरी जनाउन सकिनेछ । सम्बन्धित शेयरधनीहरुले २४ घण्टा अगाडी ZOOM ID र Passcode पाउनका लागि यस कम्पनीको email : info@shivamcement.com मा आफ्नो नाम, मोवाइल नं. इमेल र डिम्याट एकाउण्ट नं. सहित इमेल मार्फत अनुरोध गर्ने शेयरधनीलाई ZOOM ID र Passcode उपलव्ध गराइने व्यवस्था मिलाइनेछ ।

३) विशेष साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले कम्पनीको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ । प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी फारम) भरी कम्पनीको कर्पोरेट कार्यालय, काठमाडौंमा सभा शुरु हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात् २०७९।०५।०८ गते बिहान ११:०० बजे भित्र दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति शेयरधनी हुनु अनिवार्य छ ।

४) सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी आफैले भाग लिन वा प्रतिनिधि फेरवदल गर्न चाहेमा सभा शुरु हुनु भन्दा कम्तिमा २४ घण्टा अगावै सोको सूचना कम्पनीको कर्पोरेट कार्यालय, अनामनगर काठमाडौंमा दर्ता गरीसक्नुपर्नेछ । अन्यथा प्रतिनिधि फेरवदल हुन सक्ने छैन । तर सभामा सम्बन्धित शेयरधनी स्वयम् उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको अख्यिारनामा स्वतहः बदर हुनेछ ।

५) विशेष साधारण सभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावहरुले हितग्राही (डिम्याट) खाता खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचय पत्र जस्तै नागरिकता प्रमाण पत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र अनिवार्य रुपमा साथमा लिई आउन अनुरोध छ । अन्यथा सभा कक्ष भित्र प्रवेश पाईनेछैन । सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका विहान ९:०० बजेदखि सभा चालु रहुन्जेलसम्म खुल्ला रहनेछ ।

६) विशेष साधारण सभा प्रयोजनको लागि मिति २०७९।०५।०२ गते एक दिन मात्र शेयर दाखिला खारेज कार्य  बन्द (Book Close) रहनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७९।०५।०१ सम्म कायम रहेका शेयरधनीहरुले मात्र सो विशेष साधारण सभामा भाग लिन सक्नु हुनेछ।

७) विशेष साधारण सभामा विशेष प्रस्ताव उपर छलफलमा भाग लिन चाहाने शेयरधनीहरुले सभा शुरु हुनु भन्दा २४ घण्टा अगाडी कम्पनी सचिवको कार्यालयमा आफ्नो नाम टिपाउन सक्नुहुनेछ । नाम नटिपाएका शेयरधनीहरुलाई सभामा वोल्न समय दिन बाध्य हुने छैन । शेयरधनीहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सभाका सभापति आफैले वा सभाका सभापतिबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रुपले उत्तर दिइनेछ।

८) अन्य जानकारीको लागि कम्पनीको कर्पोरेट कार्यालय, सिद्धार्थ इन्सुरेन्स भवनको दोश्रो तल्ला अनामनगर, काठमाडौं स्थित कम्पनी सचिवको कार्यालय (टेलिफोन नम्बर ०१-५७०६८०४ र ५७०५९९३ मा सम्पर्क राख्नु हुन अनुरोध छ।

# प्रोक्सी फाराम (प्रतिनिधि पत्र)

श्री सञ्चालक समिति
शिवम सिमेन्ट्स लिमिटेड
कर्पोरेट कार्यालय, सिद्धार्थ इन्सुरेन्स भवन दोस्रो तल्ला,
अनामनगर, काठमाडौं ।

विषय : प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

....................जिल्ला ................................न.पा./गा.पा. वडा नं .................. बस्ने म/हामी ............................................................................ ले त्यस कम्पनीको शेयरधनीको हैसियतले २०७९ साल भाद्र १० गतेका दिन हुने कम्पनीको विषेश साधारण सभामा स्वयमं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नको लागि.......................................................................... जिल्ला ...................................न.पा./गा.पा. वडा नं ............ बस्ने त्यस कम्पनीको शेयरवाला श्री ......................................................................................................लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

प्रतिनिधी नियुक्त भएको व्यक्तिको
हस्ताक्षरको नमुना :
शेयरधनी नं. :
हितग्राही खाता नं. :

मिति :

निवेदक
दस्तखत :
नाम :
ठेगाना :
शेयरधनी नं. :
हितग्राही खाता नं. :
शेयर संख्या :

द्रष्टब्य : यो निवेदन साधारण सभा हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको कर्पोरेट कार्यालयमा पेश गरिसक्नु पर्नेछ । एक भन्दा बढि प्रतिनिधी (प्रोक्सी) को नाम उल्लेख गरेमा प्रतिनिधी फारम स्वतःरद्ध हुनेछ ।

**सञ्चालक समितिको तर्फबाट कम्पनीका अध्यक्ष श्री सुरेन्द्र कुमार गोयलज्यूले विशेष साधारण सभा समक्ष प्रस्तुत प्रतिवेदन सहितको मन्तव्य :-**

आदरणीय शेयरधनी महानुभावहरु,

कम्पनी संचालक समितिको १०५ औं बैठकको निर्णय बमोजिम आज वोलाइएको यस विशेष साधारण सभामा भौतिक तथा Zoom Vertual प्रविधि मार्फत उपस्थित हुनु भएका आदरणीय शिवम् सिमेन्ट्स लिमिटेडका शेयरधनी महानुभावहरु, अतिथी महानुभावहरु, सञ्चालक समितिका सञ्चालक साथीहरु, यस कम्पनीका प्रवर्द्धकज्यूहरु, कम्पनीका विभिन्न विभागमा जिम्मेवारी लिई कार्य गरी आउनु भएका विभागीय प्रमुखज्यूहरु लगायत सबै कर्मचारीहरु प्रति म यस कम्पनीको संचालक अध्यक्ष सुरेन्द्र कुमार गोयल र कम्पनी संचालक समितिको तर्फबाट समेत हार्दिक स्वागत अभिवादन गर्दछु ।

शेयरधनी महानुभावहरु,

श्री नेपाल धितोपत्र वोर्डको स्वीकृतिमा प्रचलित धितोपत्र सम्बन्धि ऐन, नियम बमोजिम सार्वजनिक निष्कासन गरि दोस्रो बजारमा श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड मार्फत खरिद बिक्री कारोवार भई रहेकोमा तत्कालिन संस्थापक समूह अन्तरगतका शेयरधनीहरुका नाममा रहेका शेयरहरु समेत मिति २०७८/११/२२ तदनुसार सन् ६ मार्च २०२२ देखि सर्व साधारण शेयर सरह नेपाल स्टकएक्सचेन्ज मार्फत खरिद बिक्री भईरहेको अवस्था विद्यमान भएको तर यस कम्पनीको प्रबन्ध पत्रको दफा ६ को (ग) र (घ) मा संस्थापक समूह र सर्वसाधारण समूह अन्तरगतको शेयर पूँजी रहने प्रावधान कायमै रहेको र नियमावलीको नियम नं. २७ को (२) मा ७ जना संचालक रहेको संचालक समिति हुनेछ र संस्थापक समूहको प्रतिनिधित्व गरी ५ जना र सर्व सर्वसाधारण समूहका शेयरधनीको तर्फबाट १ जना निर्वाचित हुनेछ भन्ने व्यवस्था समेत रहेको तर यस कम्पनीको रु. १०० दरका ४,४०,००,००० चार करोड चालिस लाख कित्ता सबै शेयरहरु साधारण शेयर सरह खरिद बिक्री कारोवार भईरहेको परिप्रेक्ष्यमा समूह छुट्याउन सकिने अवस्था समेत नरहेको कारण संस्थापक समूहका शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने गरी र सर्व साधारण समूहको प्रतिनिधित्व गर्ने गरी सञ्चालक निर्वाचन गर्न सम्भव नरहने अवस्था समेत विद्यमान हुनुका साथै संचालक संख्या ७ सात जनाबाट घटाई ६ जना कायम गरी चुस्त रुपमा कम्पनी संचालन गर्न उपयुक्त हुने ठानी  साविकको स्वीकृत नियमावलीका सम्बन्धित नियम नं.हरु संशोधन गर्न आवश्यक भएकोले यो विशेष साधारण सभा वोलाइएको व्यहोरा यहाँहरु सबैलाई जानकारी गराँउन चाहन्छु । साथै साधारण सभा संचालन गर्न कम्पनी ऐनको दफा ७३ मा कूल शेयरको ५० प्रतिशत भन्दा

बढि शेयर संख्याको प्रतिनिधित्व हुने गरी शेयरधनीहरु स्वयम वा निजका प्रतिनिधिद्धारा उपस्थित भएमा सभा संचालनका लागि गणपुरक संख्या पुगेको मानिनेछ भन्ने कानुनी व्यवस्था कार्यन्वयन गर्ने गरी साविकको नियमावलीको नियम नं. २५ संशोधनको लागि विशेष प्रस्ताव छलफल गरी पारित गर्न विशेष प्रस्तावको रुपमा प्रस्ताव गरिएको हो । तसर्थ कम्पनी संचालक समितिद्धारा प्रस्ताव गरिएका सबै विशेष प्रस्तावहरु माथि छलफल गरी पारित गरिदिनु हुनेछ भन्ने विश्वासका साथ सादर अनुरोध गर्दछु । धन्यवाद । जय शिवम् ।

मिति : २०७९/०५/१०

डा. ई. सुरेन्द्र कुमार गोयल
कार्यकारी अध्यक्ष

## विशेष प्रस्तावहरू:

### (क) प्रबन्ध पत्र तर्फः

१) कम्पनीको स्वीकृत प्रबन्ध पत्रको दफा ६ को खण्ड (ग) लाई संशोधन गर्ने र खण्ड (घ) संशोधन गरी हटाउने सम्बन्धमा ।

### (ख) नियमावली तर्फः

१) कम्पनीको स्वीकृत नियमावलीको नियम नं. २३ गणपुरक संख्या कूल शेयर संख्याको ६७ प्रतिशत रहेकोलाई संशोधन गरी ५१ प्रतिशत कायम गर्ने ।

२) कम्पनीको नियमावलीको नियम नं. २५ को उप नियम (५) संशोधन गरी विशेषज्ञ संचालकको मनोनयन र अन्य संचालकहरुको निर्वाचन गर्ने सम्बन्धि व्यवस्था कायम गर्ने ।

३) स्वीकृत नियमावलीको नियम नं. २७ को उप नियम (२) मा संचालक संख्या स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक सहित ७ सात जनाको हुनेछ भन्ने व्यवस्थालाई संशोधन गरी स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक १ जना र शेयरधनीहरुबाट निर्वाचित वा मनोनित ५ जना सहित ६ जनाको संचालक समिति हुनेछ भन्ने व्यवस्था कायम गर्ने

४) नियमावलीको नियम नं. २९ संशोधन गरी स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक १ जना संचालक समितिले नियुक्त गर्नेछ भन्ने व्यवस्था संशोधनद्वारा कायम गर्ने ।

५) नियमावलीको नियम नं. ३१ मा संशोधन गरी संचालकहरुको निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा कम्पनी ऐन बमोजिमको प्रक्रिया पुरा गरी गरिनेछ भन्ने व्यवस्था कायम गर्ने ।

### (ग) विविध ।

## शिवम् सिमेन्ट्स लिमिटेडको स्वीकृत प्रबन्ध पत्रको दफा ६ को उप दफा (ग) संशोधन गर्ने र उपदफा (घ) संशोधनद्वारा हटाउनु पर्ने सम्बन्धि ३ महले विवरण:

### तिन महले विवरण:

| साविकको व्यवस्था | संशोधन गरी कायम गर्ने व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|
| प्रबन्ध पत्र तर्फ : | | |
| दफा ६ को खण्ड (ग)<br>कम्पनीको संस्थापक समूह तर्फको चुक्ता पूजी रु. ३८७,२०,००,०००। (तिन अर्व सतासी करोड विस लाख) हुनेछ र सर्व साधारण तर्फको चुक्ता पूँजी रु. ५२,८०,००,०००। (बाउन्न करोड असि लाख) गरी जम्मा रु. ४,४०,००,००,०००। (चार अर्व चालिस करोड) चुक्ता पूँजी हुनेछ । | दफा ६ को खण्ड (ग)<br>यस कम्पनीको चुक्ता पूँजी रु. ४,४०,००,००,०००। (चार अर्व चालिस करोड हुनेछ । | यस कम्पनीको शेयरहरु सार्वजनिक निष्कासन भई नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचिकरण समेत भई दोस्रो बजारमा साविकका संस्थापक समूहका शेयरहरु समेत साधारण शेयर सरह खरिद विक्री कारोवार भईरहेको हुंदा संस्थापक समूहको शेयर र साधारण समूहको शेयर भनी छुट्याउन सकिने अवस्था समेत नरहेकोले संस्थापक समूह र सर्व साधारण समूह तर्फको शेयर भनी वर्गिकरण गरिरहनु उपयुक्त नभएकोले समूहहरु हटाई चुक्ता पूँजी मात्र उल्लेख गर्ने गरी संशोधन गर्न अवश्यक भएकोले । |
| (घ) कम्पनीले जारी पूँजी मध्येको ८८ % प्रतिशत शेयर अर्थात ३,८७,२०,००० थान संस्थापक समूहमा र १२ % प्रतिशत शेयर अर्थात ५२,८०,००० थान शेयर सर्व साधारणका लागि छुट्याईएको छ । | (घ). ........ । | संस्थापक समूह र सर्व साधारण समूह गरी दुईवटा समूहका शेयरहरु छुट्याउन सकिने अवस्था नभएको हुंदा उक्त साविकको व्यवस्था संशोधनद्वारा हटाउन आवश्यक भएकोले । |

## शिवम् सिमेन्ट्स लिमिटेडको स्वीकृत नियमावलीको नियम नं. २३, २५ को (५), २७ को (२) २९ र ३१ संशोधन गर्ने सम्बन्धी

## तिन महले विवरणः

नियमावली तर्फः

| साविक व्यवस्था | संशोधनद्धारा कायम गरिने व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|
| नियम नं २३. गणपुरक संख्या : बाँडफाँड भएको कुल शेयर संख्याको ६७ प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ७ सात जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्धारा उपस्थित नभई सभाको काम कारवाही प्रारम्भ हुने छैन । | नियम नं २३. गणपुरक संख्या : बाँडफाँड भएको कुल शेयर संख्याको ५१ एकाउन्न प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ७ सात जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्धारा उपस्थित नभई सभाको काम कारवाही प्रारम्भ हुने छैन । | कम्पनी ऐनको दफा ७३ बमोजिम ५० प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुको उपस्थितीमा सभा सञ्चालन गर्न गणपुरक संख्या पूगेको मानिने कानूनी व्यवस्था भएकोले सोही ऐनको व्यवस्था अनुरुप कायम गर्न संशोधन गर्न वान्छनीय भएकोले । |
| नियम नं. २५ को उप नियम (५) सञ्चालक निर्वाचन गर्दा व्यवसायिक विशेषज्ञ संचालकको हकमा संचालक समितिद्धारा र अन्य सञ्चालकहरुको हकमा समूहगत मनोनयन वा मतदान प्रक्रियाद्धारा गरिनेछ । | नियम नं. २५ को उप नियम (५) सञ्चालक निर्वाचन गर्दा व्यवसायिक विशेषज्ञ संचालकको हकमा संचालक समितिद्धारा मनोनयन गरिनेछ र अन्य सञ्चालकहरुको हकमा शेयरधनीहरुले मतदान प्रक्रियाद्धारा निर्वाचन/मनोनयन गरी संचालक चयन गरिनेछ । | हाल यस कम्पनीका संस्थापक समूह र सर्व साधारण समूहका शेयरधनीहरु छुट्टिने गरी शेयर संरचना नरहेको र सबै शेयरहरु साधारण शेयर सरह दोस्रो बजार मार्फत खरिद विक्री कारोवार भई आएको हुंदा संचालक निर्वाचनमा समेत समूहगत निर्वाचन गराउने व्यवस्था कार्यान्वनय हुन सक्ने अवस्था नरहेकोले संशोधन गर्न वान्छनीय भएकोले । |

| | | |
|---|---|---|
| नियम नं. २७ को उप नियम (२) : यस कम्पनीमा ७ सात जनाको सञ्चालक समिति हुनेछ जसमा संस्थापक समूहबाट मनोनित निर्वाचित ५ जना र सर्व साधारण शेयरधनीहरु मध्येबाट १ जना निर्वाचित वा मनोनित संचालक र १ जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक हुनेछन । | नियम नं. २७ को उप नियम (२) यस कम्पनीमा शेयरधनीहरुको तर्फबाट निर्वाचित वा मनोनित संचालक ५ जना र स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक १ जना गरी ६ सदस्यीय संचालक समिति हुनेछ । | हाल यस कम्पनीका संस्थापक समूह र सर्व साधारण समूहका शेयरधनीहरु छुट्टिने गरी शेयर संरचना नरहेकोले समूहगत निर्वाचन गराउने व्यवस्था कार्यान्वयन हुन सक्ने अवस्था समेत नरहेको तथा संचालक संख्या घटाई ६ जनाको संचालक समिति कायम गर्न वान्छनीय भएकोले । |
| नियम नं. २९ व्यवसायिक सञ्चालकको नियुक्ति, संख्या, कार्यकाल, योग्यता तथा नियुक्ती प्रक्रिया सम्बन्धि व्यवस्था : (१) ऐनले व्यवस्था गरे बमोजिम संचालक समितिले व्यवसायिक विशेषज्ञको रुपमा संचालक हुन योग्य भएको व्यक्ति मध्येबाट ऐनको दफा १७ को उपदफा (३) बमोजिम सञ्चालक समितिले दुई जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक नियुक्त गर्नेछ । | नियम नं. २९ व्यवसायिक सञ्चालकको नियुक्ति, संख्या, कार्यकाल, योग्यता तथा नियुक्ती प्रक्रिया सम्बन्धि व्यवस्था : (१) ऐनले व्यवस्था गरे बमोजिम संचालक समितिले व्यवसायिक विशेषज्ञको रुपमा संचालक हुन योग्य भएको व्यक्तिहरु मध्येबाट एक १ जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक नियुक्त गर्नेछ । | कम्पनी ऐनको दफा ८६ बमोजिम सात जनासम्मको संचालक समिति रहने कम्पनीमा व्यवसायिक विशेषज्ञ संचालक एक जना मात्र रहनेछ भन्ने व्यवस्था रहेको र यस कम्पनीमा ६ सदस्यीय संचालक समिति रहेको अवस्था विद्यमान भएकोले सोही कानूनी व्यवस्थाको कार्यान्वयन गर्न संशोधन गर्न वान्छनीय भएकोले । |

| | | |
|---|---|---|
| <u>नियम ३१ संचालक नियुक्त सम्बन्धि कुनै खास व्यवस्था :</u> सञ्चालक समितिमा सञ्चालकहरुको नियुक्ति गर्दा संस्थापक कम्पनीले तोकि पठाएका व्यक्तिहरुलाई गरिनेछ र सर्व साधारण शेयरधनीबाट एक जना, व्यवसायिक विशेषज्ञबाट १ एक जना कम्पनी ऐनको प्रक्रिया पुरा गरी नियुक्त गरीनेछ । | <u>नियम ३१ संचालक नियुक्ति सम्बन्धि कुनै खास व्यवस्था :</u> सञ्चालक समितिमा सञ्चालकहरुको निर्वाचन मनोनयन वा नियुक्ति गर्दा कम्पनी ऐन बमोजिमको प्रक्रिया पुरा गरी गरीनेछ । | यस कम्पनीमा संस्थापक र सर्व साधारण समूह छुट्टिने गरी शेयरवाला नरहेको हुंदा सबै संचालकहरुको निर्वाचन वा मनोनयन गर्दा समूहगत प्रतिनिधित्व गराउने व्यवस्था लाई समेत संशोधन कायम गर्न आवश्यक र मनासिव भएकोले । |

प्रस्तावित संशोधन पारित भएपछि कायम हुने सम्बन्धित प्रबन्धपत्र को दफा ६ को उपदफा (ग) र (घ) तथा नियमावलीको नियम नं. २३, २५ को (५), २७ को (२), २९ र ३१ का व्यवस्थाहरु देहाय अनुसार रहनेछन :

शिवम् सिमेन्ट्स लिमिटेडको

## प्रबन्ध पत्रमा संशोधनः

दफा ६

(ग) यस कम्पनीको चुक्ता पूँजी रु. ४,४०,००,००,०००। (चार अर्व चालिस करोड) हुनेछ।

(घ). ..... ... .. .. ।

शिवम् सिमेन्ट्स लिमिटेडको

## नियमावलीमा संशोधनः

**नियम नं २३**

गणपुरक संख्या : बाँडफाँड भएको कुल शेयर संख्याको ५१ एकाउन्न प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ७ सात जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित नभई सभाको काम कारवाही प्रारम्भ हुने छैन।

**नियम नं. २५**

(५) सञ्चालक निर्वाचन गर्दा व्यवसायिक विशेषज्ञ संचालकको हकमा संचालक समितिद्धारा मनोनयन गरिनेछ र अन्य सञ्चालकहरुको हकमा शेयरधनीहरुले मतदान प्रक्रियाद्धारा निर्वाचन/मनोनयन गरी संचालक चयन गरिनेछ।

**नियम नं. २७**

(२) यस कम्पनीमा शेयरधनीहरुको तर्फबाट निर्वाचित वा मनोनित संचालक ५ (पाँच) जना र स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक १ जना गरी ६ सदस्यीय संचालक समिति हुनेछन।

**नियम नं. २९**

व्यवसायिक सञ्चालकको नियुक्ति, संख्या, कार्यकाल, योग्यता तथा नियुक्ती प्रक्रिया सम्बन्धि व्यवस्था :

संचालक समितिले व्यवसायिक विशेषज्ञको रुपमा संचालक हुन योग्य भएको व्यक्तिहरु मध्येबाट एक १ जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक नियुक्त गर्नेछ।

**नियम ३१**

संचालक नियुक्ति सम्बन्धि कुनै खास व्यवस्था : सञ्चालक समितिमा सञ्चालकहरुको निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा कम्पनी ऐन बमोजिमको प्रक्रिया पुरा गरी गरीनेछ।